# रामप्रसादराई गाउँपालिकाको उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट मापदण्ड २०८३

गाउँ शिक्षा समितिबाट स्वीकृत मिति २०८३।०१।३१

रामप्रसादराई गाउँपालिका अध्यक्ष श्री थाम बहादुर राई(निर्माण) ज्यूबाट जारी गर्नु भएको शैक्षिक श्वेत पत्र २०८३ कार्यन्वयन गर्न वान्छनीय भएको हुँदा **"रामप्रसादराई गाउँपालिकाको उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट मापदण्ड २०८३"** रामप्रसादराई गाउँपालिका, बैंकुण्ठे, भोजपुरको गाउँ शिक्षा समितिबाट स्वीकृत गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क. यस मापदण्डको नाम: यो मापदण्डको नाम **"रामप्रसादराई गाउँपालिकाको उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट मापदण्ड २०८३"** रहेको छ ।

ख. यो मापदण्ड रामप्रसादराई गाउँपालिका भित्र लागु हुनेछ।

ग. यो मापदण्ड गाउँ शिक्षा समितिले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क. गाउँपालिका भन्नाले रामप्रसादराई गाउँपालिकालाई सम्झनु पर्दछ।

ख. मापदण्ड भन्नाले रामप्रसादराई गाउँपालिकाको उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट मापदण्ड २०८३ लाई सम्झनु पर्दछ।

ग. अध्यक्ष भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

घ. उपाध्यक्ष भन्नाले गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ।

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च. गाउँ शिक्षा समिति भन्नाले रामप्रसादराई गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

छ. शिक्षा,युवा तथा खेलकुद शाखा भन्नाले रामप्रसादराई गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

ज. शिक्षक भन्नाले रामप्रसादराई गाउँपालिकाको सबै सामुदायिक विद्यालयको सबै तहमा पठनपाठन गर्ने शिक्षकलाई सम्झनु पर्दछ ।

झ. छनौट समिति भन्नाले रामप्रसादराई गाउँपालिकाको उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट मापदण्ड २०८३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

ञ. सदस्य भन्नाले गाउँ शिक्षा समितिको सदस्यलाई सम्झनु पर्दछ।

ट. शाखा भन्नाले रामप्रसादराई गाउँपालिका अन्तर्गतको शाखाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौटको आधार र छनौट समिति सम्बन्धी व्यवस्था

३. **उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौटको आधारहरु:**(१) उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौटको आधारहरु र अंकभार देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| क. समय पालना, नियमितता र अनुशासन | ३ अंक |
| ख. शिक्षक आचरण पालना | ३ अंक |
| ग. नेतृत्व क्षमता | ३ अंक |
| घ. सेवा अवधी | १ अंक |
| ङ. विषयगत रुपमा विद्यार्थी उत्तीर्णदर र औसत विगत तीन वर्षको नतिजा विश्लेषण | ७ अंक |
| च. विद्यालय प्रशासनप्रतिको जवाफदेहीता | ३ अंक |
| छ. विद्यालय प्रशासन, अभिभावक तथा विद्यार्थीहरुसँग समन्वय गर्न सक्ने क्षमता | २ अंक |
| ज. कमजोर विद्यार्थीहरु पहिचान गरी पढाईप्रति उत्प्रेरित गर्न सक्ने क्षमता | ६ अंक |
| झ. सूचना प्रविधि सम्बन्धी ज्ञान | २ अंक |

४. **उत्कृष्ट तथा सर्वोत्कृष्ट शिक्षक छनौट समिति:** (१) रामप्रसादराई गाउँपालिकाको उत्कृष्ट तथा सर्वोत्कृष्ट शिक्षक छनौट समिति देहाय बमोजिम रहनेछ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | -संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. गाउँ शिक्षा समितिको महिला सदस्य एक जना | - सदस्य |
| ङ. प्रशासन शाखा प्रमुख | -सदस्य |
| च. आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| छ. शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख | -सदस्य-सचिव |

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हतुवागढी, भोजपुर कोशी प्रदेश, नेपाल

## परिच्छेद-३

## छनौट समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

५. **छनौट समितिको काम, कर्तव्य र अधिकारः** (१) उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. मापदण्डको दफा ३ को उपदफा १ को आधारमा गाउँपालिका भित्रको प्राथमिक, आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयहरु मध्येबाट प्रत्येक वर्ष दश जना उत्कृष्ट शिक्षक छनौट गर्ने।

ख. मापदण्डको दफा ३ को उपदफा १ को आधारमा गाउँपालिका भित्रको माध्यमिक तहको सामुदायिक विद्यालयहरु मध्येबाट प्रत्येक वर्ष एक सर्वोत्कृष्ट शिक्षक छनौट गर्ने।

ग. मापदण्डको दफा ४ को उपदफा १ बमोजिम गठित छनौट समितिले ऐ. मापदण्डको दफा ३ को उपदफा १ को आधारमा प्रत्येक शैक्षिक सत्रको पहिलो त्रैमासिक भित्र अनिवार्य रुपमा उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट गरि सक्नु पर्नेछ ।

घ. तोकिए बमोजिमको अन्य कार्य ।

## परिच्छेद-४

## विविध

६. विविध:

क. मापदण्डको दफा ३ बमोजिम उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौट अनुसूची १ बमोजिमको ढाँचा बमोजिम गरिनेछ।

ख. मापदण्डको दफा ३(१)घ बमोजिमको सेवा अवधीको अंकभार प्रदान गर्दा ३० वर्षमाथि शिक्षण गरेको सेवा अवधी पुगेको हकमा १००%, २० वर्ष देखि ३० वर्ष सेवा अवधी पुगेको हकमा ७५%, १० देखि २० वर्ष सेवा अवधी पुगेको हकमा ५०% र १ वर्ष देखि १० वर्ष सम्म सेवा अवधी पुगेको हकमा ३०% अंक भार प्रदान गरिनेछ।

ग. यो मापदण्डको संशोधन वा मापदण्ड खारेजी गर्ने अधिकार गाउँ शिक्षा समितिको हुनेछ ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैकुले, भोजपुर
कोशी प्रदेश, नेपाल

## अनुसूची १
## मापदण्डको दफा ६ को क सँग सम्बन्धित
## उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षक छनौटको फारम

शिक्षकको नाम,थर:

पद, श्रेणी/तह:

कार्यरत विद्यालयको नाम र ठेगाना:

शिक्षण गर्ने विषय:

| शिक्षकको कार्यसम्पादन मापनको आधारहरु, अंकभार र स्तर | | | | | |
|---|---|---|---|---|---|
| | कूल अंक भार | स्तर | | | |
| | | अति उत्तम १००% | उत्तम ७५% | सामान्य ५०% | न्यून ३०% |
| १ समय पालना, नियमितता र अनुशासन | ३ | | | | |
| २ शिक्षक आचरण पालना | ३ | | | | |
| ३ नेतृत्व क्षमता | ३ | | | | |
| ४ सेवा अवधी | १ | | | | |
| ५ विषयगत रुपमा विद्यार्थी उत्तीर्णदर र औसत विगत तीन वर्षको नतिजा विश्लेषण | ७ | | | | |
| ६ विद्यालय प्रशासनप्रतिको जवाफदेहिता | ३ | | | | |
| ७ विद्यालय प्रशासन, अभिभावक तथा विद्यार्थीहरुसँग समन्वय गर्न सक्ने क्षमता | २ | | | | |
| ८ कमजोर विद्यार्थीहरु पहिचान गरी पढाईप्रति उत्प्रेरित गर्न सक्ने क्षमता | ६ | | | | |
| ९ सूचना प्रविधि सम्बन्धी ज्ञान | २ | | | | |
| जम्मा | ३० | | | | |
| कूल प्राप्ताङ्क अंकमा............. अक्षरमा............................... | | | | | |

छनौट समितिका पदाधिकारीहरुको

| नाम,थर: | पद: | दस्ताखत: |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल